# हस्तकला समाचार

मुखपत्र

नेपाल हस्तकला महासंघ

वर्ष १५ | कार्तिक/मंसिर २०६५ | अंक ९३


## हस्तकलाको व्यवसायिक एवं बजार विस्तारका लागि हस्तकला प्रबर्द्धन सप्ताह

*हस्तकलाका नवोदित उत्पादन तथा वस्तुहरुको प्रदर्शनी एवं तिनका बारेमा जानकारी गराउनुका साथै सम्बन्धित उद्यमी व्यवसायी तथा निकासीकर्ताहरुबीच प्रत्यक्ष भेटघाट गराई आपसी व्यवसायिक सम्बन्ध तथा सम्पर्क विकास गराई व्यवसाय प्रबर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यले २०६५ कार्तिक ३ देखि ९ गते सम्म महासंघको भवन थापाथली हाइटमा हस्तकला प्रवर्द्धन सप्ताह (क्रेता विक्रेता भेटघाट कार्यक्रम) को आयोजना गरियो । माननीय उद्योग मन्त्री श्रीमती अष्टलक्ष्मी शाक्यज्यूले महासंघमा आयोजित एक बिशेष कार्यक्रमबीच २०६५ कार्तिक ३ गते उक्त कार्यक्रमको उद्घाटन गर्नुभयो ।*

*सो अवसरमा समारोहलाई सम्बोधन गर्दै माननीय मन्त्रीज्यूले स्वदेशी स्रोत, साधन तथा सीपको उपयोग गरी धेरैलाई रोजगारीको अवसर प्रदान गर्न सक्ने हस्तकला क्षेत्रको समग्र विकास एवं प्रबर्द्धनका लागि महासंघले स्थापनाकालदेखि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको चर्चा गर्दै हस्तकलाका विभिन्न उत्पादनहरुको बजार प्रबर्द्धनका लागि हस्तकला सप्ताहको आयोजना गरेकोमा महासंघको सराहना गर्नुभयो । सो क्रममा उहाँले वर्तमान परिप्रेक्ष्यमा गाउँ गाउँको आर्थिक उत्थान एवं विकास बिना देशको आर्थिक उन्नति सम्भव नहुने उल्लेख गर्दै कम लागत र स्वदेशी कच्चा पदार्थ एवं सीपको प्रयोग गरी घरेलु रुपमा संचालन गर्न सक्ने हस्तकला उद्योगको व्यवस्थित विकास एवं सशक्त प्रबर्द्धनका लागि सरकार उपयुक्त एवं समयसापेक्ष ऐन नीतिको तर्जुमामा लाग्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । विश्व बजारमा हस्तकला वस्तुको साख कायम गर्न तथा प्रतिस्पर्धी हुन गुणस्तरीय वस्तुको उत्पादनमा जोड दिनुपर्ने बताउँदै उहाँले समग्र हस्तकलाको विकासका हस्तकला ग्राम स्थापना गर्न सरकारको तर्फबाट सक्दो सहयोग गर्ने आश्वासन समेत दिनुभयो ।*




*मा.उद्योग मन्त्रीज्यूबाट हस्तकला प्रबर्द्धन सप्ताक समुद्घाटन गर्नुहुँदै*

उक्त समारोहमा स्वागत मन्तव्य व्यक्त गर्दै नेपाल हस्तकला महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यले महासंघले हस्तकला उद्योग व्यवसायको प्रबर्द्धनका लागि उद्यमी व्यवसायीहरुको आवश्यकता अनुरुप कार्य गर्दै गुणस्तरीय वस्तु लगायत डिजाइन विकास सम्बन्धी सेवाहरु प्रदान गर्न हस्तकला ग्रामको स्थापनाको साथै हस्तकला डिजाइन तथा विकास केन्द्रको दीगो संचालनका लागि सरकारबाट आवश्यक सहयोग गर्न आग्रह गर्नुभयो । यस क्रममा उहाँले आ.व. २०६५/६६ को बजेटमा



*प्रदर्शन अवलोकनको क्रममा मा.मन्त्रीज्यूबाट सुन चाँदीका व्यवसायीहरूसँग जानकारी लिंदै*

हस्तकला क्षेत्रको प्रबर्द्धन उपयोगी कुनै व्यवस्थानगरेकोमा सरकारको ध्यानाकर्षण गर्दै हस्तकला क्षेत्रको दीर्घकालिन विकासका लागि लघु तथा ... *बाँकी पृष्ठ २*

## यस भित्र .....


* हस्तकला प्रबर्द्धन सप्ताह
* महासंघको विशेष साधारण सभा
* सुतिजन्य वस्तुको उत्पादन प्रक्रिया अध्ययन अवलोकन
* संस्थागत सदस्य संघ गतिविधि
* वर्ल्ड क्राफ्ट काउन्सिल सम्मेलनमा सहभागी
* ताइवानी प्रतिनिधिमण्डलसंग अन्तरक्रिया
* बजेट वक्तव्य सम्बन्धी महासंघको प्रतिक्रिया
* जानकारी
* महासंघको सूचना तथा परिपत्र
* Power Trio for Exporters
* विविध


## महासंघको विशेष साधारण सभा सम्पन्न

यस महासंघको २०६५ बैशाख १२ गतेको कार्य समितिको चौथो बैठकबाट स्वीकृत भएको विधान संशोधनको प्रस्तावमाथि छलफल गरी निर्णय गर्न यस महासंघद्वारा २०६५ श्रावण २९ महासंघको विशेष साधारण सभा बोलाइएकोमा गणपूरक संख्या नपुग भई स्थगित भएको थियो । यसै सन्दर्भमा २०६५ कात्तिक २० गते बसेको कार्य समितिको दशौ बैठकको निर्णयानुसार बोलाइएको उक्त विशेष साधारण सभा २०६५ मार्ग २ गते सोमबारका दिन काठमाडौंमा सम्पन्न भयो । कार्यक्रममा सभामा गणपूरक संख्या पुगेको जानकारीका साथै विधान संशोधनको औचित्यमाथि महासंघका महासचिव श्री धर्मराज शाक्यले प्रकाश पार्नु भएपछि सभा शुरु भयो । .... *बाँकी पृष्ठ ४ मा*

## हस्तकला प्रबर्द्धन सप्ताह ....... ( पृष्ठ १ को बाँकी अंश ........)

घरेलु उद्योग विकास कोषको उचित परिचालन तथा अन्य सहयोगका लागि आग्रह गर्दै यस हस्तकला प्रबर्द्धन सप्ताह, क्रेता बिक्रेता कार्यक्रमबाट सम्बन्धित उदमी व्यवसायीहरु लाभान्वित हुने अपेक्षा गर्नुभयो ।

उक्त अवसरमा कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै यस महासंघका महासचिव श्री धर्मराज शाक्यले हस्तकलाका विविध उत्पादन तथा तिनको बजार वस्तुस्थिति सम्बन्धी जानकारीको अभावमा हस्तकलाको प्रभावकारी व्यवसायिक प्रबर्द्धन नहुने चर्चा गर्दै सम्बन्धित हस्तकला उद्यमी एवं उत्पादक र निकासीकर्ताबीच प्रत्यक्ष भेटघाट एवं सम्बन्ध विकास गराई आपसी व्यवसाय प्रबर्द्धन गर्न प्रस्तुत कार्यक्रमको आयोजना गरेको बताउनु भयो । सो अवसरमा मन्तव्य व्यक्त गर्दै नेपाल उद्योग वाणिज्य महासंघका तृतिय उपाध्यक्ष एवं वस्तुगत परिषदका सभापति श्री भाष्करराज राजकर्णिकारले सरकार समक्ष प्रस्तुत विभिन्न नीतिगत विषयबस्तु माथि चर्चा गर्दै उपहार सामाग्री तथा सरकारी कामको प्रयोजनका लागि हस्तकला लगायत स्वदेशी वस्तु प्रयोग अनिवार्य गर्न सरकारले आवश्यक नीति तर्जुमा गर्न माग गर्नुभयो ।

उक्त समारोहको अन्तमा महासंघका द्वितीय उपाध्यक्ष श्री हेमरत्न शाक्यले प्रमुख अतिथि, अतिथि, विभिन्न संघ संस्थाका प्रतिनिर्धिहरु, सप्ताह सफल तुल्याउन सहयोग गर्ने महासंघका विभिन्न समितिहरु, सहयोगी संस्थाहरु, सहभागीहरु, हस्तकला उद्यमी तथा निकासीकर्ता तथा सम्बद्ध सबैमा धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

हस्तकला उद्योग व्यवसायको विकास एवं प्रबर्द्धनका लागि उद्यमी व्यवसायीहरुको आवश्यकता अनुसार नेपाल हस्तकला महासंघले स्थापनाकालदेखि विभिन्न प्रबर्द्धनात्मक गतिविधिहरु संचालन गर्दै आएको छ । हस्तकला वस्तु उत्पादन, गुणस्तर विकास, डिजाइन विकास सम्बन्धी सीप प्रशिक्षण संचालन, विद्यमान समसामयिक समस्या निराकरण, निकासी प्रबर्द्धन तथा निकासी सहजीकरणका लागि सरकार लाई सुझाउनु महासंघको प्रमुख कार्य रहूदै आएको छ । प्रदर्शनीको माध्यमबाट हस्तकला वस्तुको व्यापक प्रचार प्रसार गर्ने क्रममा महासंघ द्वारा हालसम्म बृहत रुपमा सातौं पटक हस्तकला व्यापार मेलाको आयोजना गरिसकेको छ भने बीचबीचमा पटक पटक वार्षिक रुपमा हस्तकला क्रेता बिक्रेता भेटघाटको आयोजना गर्दै आएको छ ।

विगतका वर्षहरुमा केही हस्तकला वस्तुहरुको मात्र क्रेता बिक्रेता भेटघाट आयोजना गर्दै आएकोमा बढीभन्दा बढी हस्तकला वस्तुहरु समावेश गरी सम्बन्धित विधाका उत्पादक र निकासीकर्ता एवं क्रेताबीच प्रत्यक्ष भेटघाट गराई आपसी व्यापारिक सम्बन्ध विकास तथा वस्तुको बजार प्रबर्द्धनमा सहयोग पुऱ्याउनु कार्यक्रमको प्रमुख उद्देश्य रहेको थियो ।




*नेपाल चेम्बर अफ कमर्सका अध्यक्षबाट सुतिजन्य वस्तुका व्यवसायीसँग भेट गर्दै*

हस्तकला प्रबर्द्धन सप्ताहको पहिलो दिन २०६५ कार्तिक ३ गते यस महासंघको परिसरमा सुन चाँदीको गर गहना तथा वस्तुको क्रेता बिक्रेता भेटघाट कार्यक्रम उत्साहजनक रुपमा सम्पन्न भयो । उक्त दिन प्रदर्शित वस्तुहरुमा विशेष सुन चाँदीका गर गहना, उपहार, सजावट, घरेलु एवं परम्परागत उपयोगी, धार्मिक एवं सांसकृतिक महत्वका सामान तथा अन्य वस्तुहरु रहेको थियो । सुन चाँदीका गर गहना र वस्तुले मानिसको व्यक्तित्व एवं स्तर उकास्न महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको क्रममा स्वदेश तथा विदेशमा यसको माग दिनानुदिन बढ्दै गएको छ । कार्यक्रममा १४ फर्म/कम्पनीबाट उद्यमी व्यवसायीहरुको सक्रिय सहभागिता रहेको थियो ।

हस्तकला प्रबर्द्धन सप्ताहको दोस्रो दिन २०६५ कार्तिक ४ गते सुतिजन्य, ऊनीजन्य तथा फेल्टजन्य वस्तुको क्रेता बिक्रेता भेटघाट कार्यक्रम उत्साहजनक रुपमा सम्पन्न भयो । उक्त दिन प्रदर्शित वस्तुहरुमा विशेष गरी पहिरन, सजावट, घरेलु उपयोगी, खेलौना, फेसन तथा अन्य वस्तुहरु रहेको थियो । कार्यक्रममा १८ फर्म/कम्पनीबाट उद्यमी व्यवसायीहरुको सक्रिय सहभागिता रहेको थियो । सुतिजन्य, ऊनीजन्य तथा फेल्टजन्य विभिन्न वस्तुको स्वरुप, डिजाइन तथा उपयोगिताका कारण स्वदेशी तथा विदेशी बजारमा राम्रो माग एव निकासी सम्भाव्यता रहेको छ । सो क्रममा यी विधामा वस्तुको उत्पादन, उपयोग एवं बजार सम्भाव्यता वस्तुस्थिति सम्बन्धी जानकारी आदान प्रदान गर्न दुबै पक्षको सक्रिय सहभागिता रहेको थियो ।

हस्तकला प्रबर्द्धन सप्ताहको तेस्रो दिन २०६५ कार्तिक ५ गते धातुकला तथा मूर्तिकलाका वस्तुको क्रेता बिक्रेता भेटघाट कार्यक्रम सम्पन्न भयो । वस्तुको मौलिकपन, कलात्मक विशेषता एवं दक्ष सीपयुक्त कलाकारिताका कारण धातुकला तथा मूर्तिकलाले



*धातु मूर्ति र धातुजन्य हस्तकलाका क्रेता र बिक्रेताबीच भेटघाटको झलक*

प्राचीनकालदेखि राष्ट्रिय एवं अन्तरराष्ट्रिय जगतमा प्रख्याति हासिल गर्दै आएको छ । स्वदेशी श्रोत साधन तथा सीपको परिचालन गरी स्तरीय वस्तुको उत्पादन गरी धेरैलाई स्वरोजगारको अवसर प्रदान गर्न धातुकला तथा मूर्तिकलाको महत्वपूर्ण योगदान रहेको छ । कार्यक्रममा प्रदर्शित वस्तुहरुमा विशेष गरी मूर्तिकला, परम्परागत ढाँचाका भाडाकुँडा, धातुका क्यालेण्डर, सजावट, घरेलु उपयोगी उपहारका सामान तथा मूर्तिकलामा साना देखि ठुलामा ६ फिट, १० फिट सम्मका मूर्तिहरु रहेका छन् । क्रेता बिक्रेता भेटघाटको क्रममा आगन्तुक व्यवसायीहरुले उत्सुकतापूर्वक अवलोकन गर्नुका साथै आवश्यकता अनुसार व्यवसायिक अर्डर दिने क्रम जारी रहेको थियो । कार्यक्रममा १८ वटा फर्म/कम्पनीबाट उद्यमी, कलाकारहरुको सहभागिता रहेको थियो ।

हस्तकला प्रबर्द्धन सप्ताहको चौथो दिन २०६५ कार्तिक ६ गते प्राकृतिक रेशाजन्य वस्तुको क्रेता बिक्रेता भेटघाट कार्यक्रम उत्साहप्रद रुपमा सम्पन्न भयो । स्थानीय रुपमा उपलब्ध हुने कच्चा पदार्थ र खेर जाने वस्तुको प्रयोग गरी उपयोगी एवं आकर्षक नवोदित हस्तकला वस्तु उत्पादन गर्न सक्ने वस्तुमा प्राकृतिक रेशाजन्य वस्तु चर्चामा रहेको छ भने प्राकृतिक रेशाको प्रयोग गरी विगत धेरै वर्षदेखि विभिन्न हस्तकला वस्तुहरुको उत्पादन गरी तिनको बजार प्रबर्द्धन गर्दै आएको छ ।



*कार्यक्रममा व्यवसायीहरू प्राकृतिक रेशाजन्य वस्तुको अवलोकन गर्दै*

स्थानीय सीप, श्रोत र साधनको उपयोग गरी कम लागतमा उत्कृष्ट हस्तकलाको उत्पादन गर्न सकिने हुँदा प्राकृतिक रेशाजन्य वस्तुको प्रभावकारी व्यवसायिक विकास तथा निकासी प्रबर्द्धन हुँदै आएको छ । किराले नखाने, बढी टिकाउ हुने तथा स्वास्थ्यको दृष्टिकोणले फाइदाजनक हुने एवं विविध उपयोगिता आदि विशेषताले गर्दा दिनानुदिन बजारमा यसको माग बढ्दै गएको छ । कार्यक्रममा प्राकृतिक रेशाजन्य वस्तुमा संलग्न ११ फर्म/कम्पनीका उद्यमी व्यवसायीहरुको सहभागिता थियो । कार्यक्रममा सहभागीहरुले केरा, हेम्प, अल्लो, गुलगुलिया, अलैंची, जुट, भटमास, मकैको बोटको रेशाबाट बनेका विभिन्न आकर्षक, उपयोगी, सजावट, पहिरन तथा उपहारका सामानहरु आ-आफ्नो स्टलमा प्रदर्शन



*कार्यक्रममा क्रेता व्यवसायीहरूलाई पौभाजन्य वस्तु बारे जानकारी गराउँदै*

गरेका थिए । प्राकृतिक रेशाबाट विशेष गरी झोला, लुगा, चप्पल, मफलर, टेबलपोस्ट, मायट, कुसन, बास्केट, खेलौना, सजावट तथा अन्य सामानहरु उत्पादन गरेको पाइन्छ ।

हस्तकला प्रबर्द्धन सप्ताहको पाँचौं दिन २०६५ कार्तिक ७ गते महासंघको परिसरमा पौभा (थान्का), प्रस्तरकला तथा काष्ठकला वस्तुको क्रेता बिक्रेता भेटघाट कार्यक्रम सम्पन्न भयो । वस्तुको मौलिकपन, कलात्मक विशेषता एवं दक्ष सीपयुक्त कलाकारिताका कारण पौभा, प्रस्तर कला तथा काष्ठकलाका वस्तुहरुले प्राचीनकालदेखि राष्ट्रिय एवं अन्तरराष्ट्रिय जगतमा प्रख्याति हासिल गर्दै आएको छ । स्वदेशी श्रोत, साधन तथा सीपको परिचालन गरी स्तरीय वस्तुको उत्पादन गरी धेरैलाई स्वरोजगार को अवसर प्रदान गर्नुका साथै धार्मिक एवं सास्कृतिक मूल्य, मान्यतालाई उजागर गर्न यी वस्तुहरुले नेपाली समाजमा विशेष भूमिका निर्वाह गर्दै आएको छ । साथै वस्तुहरुको मौलिकता एवं विशेष महत्वका कारण यी वस्तुहरुको व्यवसायिक स्थिति तथा निकासी बजार राम्रो रहेको छ ।

कार्यक्रममा पौभा (थान्का), प्रस्तरकला तथा काष्ठकला विधाका सम्बन्धित उत्पादक र तिनका उपयोगकर्ता एवं निकासीकर्ताहरुबीच प्रत्यक्ष भएको भेटघाटको क्रममा पौभामा ५, प्रस्तरकलामा ५ र काष्ठकला विधामा ८ गरी जम्मा १८ फर्म/कम्पनीका उद्यमी व्यवसायीहरु बिक्रेताको रुपमा सहभागी थिए । उक्त दिन प्रदर्शित वस्तुहरुमा विशेष गरी धार्मिक महत्वका मूल्यवान पौभा चित्र, प्रस्तरकला एवं काष्ठकलाका मूर्तिहरु,



*नवोदित हस्तकलाका सहभागीहरूलाई महासंघका पदाधिकारीबाट प्रमाणपत्र दिँदै*

मण्डला, झ्याल, सजावट, उपहारका सामानहरु, बाद्यवादनका सामाग्री, शैक्षिक सामाग्री, खेलौनाहरु तथा अन्य परम्परागत ढाँचाका वस्तुहरु रहेका थिए । भेटघाटको क्रममा स्टलगत रुपमा राम्रो बिक्री भएको र सहभागीहरुलाई क्रेताहरुबाट राम्रो व्यवसायिक अर्डर प्राप्त भएको बताइएको छ ।

हस्तकला प्रबर्द्धन सप्ताहको छैटौं दिन २०६५ कार्तिक ८ गते नवोदित हस्तकला, पश्मिना तथा संस्थागत सदस्य संघका वस्तुको क्रेता बिक्रेता भेटघाट कार्यक्रम उत्साहजनक रुपमा संचालन गरियो । कार्यक्रममा महासंघका संस्थागत सदस्य संघहरुमा नेपाल हाते कागज संघ, नेपाल काष्ठकला संघ, छाला जुत्ता तथा वस्तु उत्पादक संघ नेपाल, ललितपुर हस्तकला संघ र धनुषा हस्तकला उद्योग संघका साथै अन्य गरी १८ फर्म/कम्पनीको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागीहरुले नवोदित हस्तकलाको रुपमा पोलि मार्वलबाट निर्मित हस्तकला, पश्मिना, सुति, फेल्ट, मैनवत्ती, पोतेजन्य गर गहना, सजावटका सामान, मकैको खोस्टाका हस्तकला, सांस्कृतिक पुतली, छालाजन्य वस्तु, ऊनीजन्य सामानहरु प्रदर्शन गरिएको थियो । यसै गरी महासंघका संस्थागत सदस्य संघहरुले आ(आफ्ना संघहरुमा आबद्ध सदस्यहरुको वस्तु एवं उत्पादनहरु सम्बन्धी प्रचार प्रसार गरी तिनको बजार प्रबर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले हाते काजगजन्य वस्तु, छाला जुत्ता तथा वस्तु, काष्ठकला, मिथिला आर्ट तथा धातुका मूर्ति, चाँदी गरगहना एवं प्रस्तरकलाका वस्तुहरु प्रदर्शनीमा राखिएको थियो।

कार्यक्रममा नवोदित हस्तकला, पश्मिना, विभिन्न संस्थाका सदस्यहरुको उत्पादनहरु, काष्ठकला विधाका सम्बन्धित उत्पादक र तिनका उपयोगकर्ता एवं निकासीकर्ताहरुबीच प्रत्यक्ष भेटघाट तथा व्यवसायिक सम्बन्ध विकास गर्ने कार्य उत्साहपूर्वक सम्पन्न भयो । भेटघाटको क्रममा स्थलगत रुपमा राम्रो बिक्री भएको र सहभागीहरुलाई क्रेताहरुबाट राम्रो व्यवसायिक अर्डर प्राप्त भएको थाहा भएको छ ।



*महासंघका अध्यक्षबाट हातेकागजजन्य वस्तुका सहभागीलाई प्रमाणपत्र दिँदै*

हस्तकला प्रवर्द्धन सप्ताहको सातौं दिन अर्थात अन्तिम दिन २०६५ कार्तिक ९ गते महासंघको परिसरमा हाते कागज तथा कागजजन्य वस्तुको क्रेता बिक्रेता भेटघाट कार्यक्रम संचालन गरियो । कार्यक्रममा हाते कागजजन्य वस्तको उत्पादनमा संलग्न ११ फर्म/कम्पनीबाट सम्बन्धित उद्यमी व्यवसायीहरुको सक्रिय सहभागिता रहेको थियो । स्थानीय रुपमा उपलब्ध हुने कच्चाबाट निर्मित हाते काजग तथा कागजजन्य वस्तु नेपालमा परम्परागत रुपमा महत्वपूर्ण कागजात, लिखत लेख्न तथा किमती गहर गहना एवं वस्तुहरुको भण्डारण गर्न प्रयोग गरिंदै आएको छ । पछि बजारको माग तथा उपभोक्ताको चाहना अनुरुप समयसापेक्ष विभिन्न आकर्षक डिजाइन, स्वरुप, तथा प्रयोजनका लागि हाते काजगजन्य नवोदित वस्तुहरुको विकास भएबाट हाते काजजन्य वस्तुकोस्वदेश तथा विदेशमा क्रमिक रुपमा व्यवसायिक प्रबर्द्धन हुँदै गएको पाइन्छ । यसबाट विभिन्न जिल्लाहरुमा कच्चा पदार्थ आपूर्ति एवं हाते काजगजन्य वस्तु उत्पादन गर्न स्वरोजगारको अवसर प्राप्त

हुनुका साथै आर्थिक रुपमा मुलुकलाई धेरै फाइदा पुग्न गएको छ । नेपाली हाते काजग तथा कागजजन्य वस्तुहरुको मौलिकता एवं विशेष महत्वका कारण यी वस्तुहरुको व्यवसायिक स्थिति तथा निकासी बजार राम्रो रहेको छ । यसमाथि नेपाः लोक्ताको नामबाट नेपाली हाते कागजको ब्राण्ड नाम युरोपमा दर्ता भएबाट नेपाली हाते काजगजन्य वस्तुको अन्तराष्ट्रिय बजार एवं निकासी प्रबर्द्धन सम्भाव्यतालाई अझ सशक्त बनाएको छ । उक्त दिन प्रदर्शित वस्तुहरुमा हाते कागजबाट निर्मित, कार्ड, सपिङ्ग बायग्, नोटबुक, प्याकिङ्ग बट्टा, पोस्टकार्ड, ल्याम्प सेड, स्टेसनरी सामाग्री, उपहार बट्टा, सजावट, खेलौनाहरु तथा अन्य उपहारका वस्तुहरु रहेका छन् ।

कार्यक्रमको अन्तिम दिनका क्रेता बिक्रेता भेटघाट कार्यक्रमका सहभागीहरुलाई महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यले सहभागिताको प्रमाणपत्र प्रदान गर्नुहुँदै महासंघको कार्यक्रमलाई सफल तुल्याउनु भएकोमा कार्यक्रममा सम्पूर्ण सहभागीहरुमा धन्यवाद समेत ज्ञापन गर्नुभयो । अन्य दिनहरुमा कार्यक्रमको अन्तमा महासंघका प्रथम उपाध्यक्ष, द्वितीय उपाध्यक्ष र महासचिवबाट सहभागीहरुलाई सहभागिताको प्रमाणपत्र वितरण गरिएको थियो ।

हस्तकलाका वस्तुको मौलिकपन, कलात्मक विशेषता एवं सीपयुक्त कलाकारिताका कारण नेपाली हस्तकलाले प्राचीनकालदेखि राष्ट्रिय एवं अन्तरराष्ट्रिय जगतमा प्रख्याति कमाउँदै आएको छ भने वर्तमान समयमा पनि यसको माग दिनानुदिन बढ्दै गएको छ । हस्तकलाले स्वदेशी श्रोत साधन तथा सीपको परिचालन गरी स्तरीय वस्तुको उत्पादन गरी धेरैलाई स्वरोजगारको अवसर प्रदान गर्नुका साथै धार्मिक एवं सास्कृतिक मूल्य, मान्यतालाई उजागर गर्न र आर्थिक उपार्जन गर्न यी वस्तुहरुले नेपाली समाजमा विशेष भूमिका निर्वाह गर्दै आएको छ । हस्तकला क्षेत्रले धेरैलाई स्वरोजगारीको अवसर प्रदान गर्नुका साथै यसको राम्रो निकासी एवं बजार सम्भाव्यता रहेता पनि हस्तकला वस्तुहरुको उत्पादन वस्तुस्थिति तथा सम्भाव्य बजार एवं उपभोक्ता सम्बन्धी जानकारीको अभावमा यस क्षेत्रले अपेक्षित व्यावसयिक लाभ उठाउन नसकिएको परिप्रेक्ष्यमा आयोजित सप्ताहव्यापी हस्तकला क्रेता बिक्रेता भेटघाट कार्यक्रमले हस्तकलाको व्यवसायिक प्रबर्द्धनमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । कार्यक्रममा १३ वटाभन्दा बढी विभिन्न विधाका हस्तकला वस्तुहरुको सहभागिता रहेको र हस्तकला विधामा संलग्न १०८ वटा फर्म/कम्पनीहरुबाट उद्यमी व्यवसायीहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा उल्लेख्य संख्यामा ललितपुर, काठमाडौं, ठमेल, बौद्ध, भक्तपुरबाट व्यवसायी तथा निकासीकर्ताहरुको सहभागिता रहेको र सो क्रममा दुबै पक्षबीच व्यापारिक सम्बन्ध विकास, वस्तुको बिक्री एवं व्यापारिक अर्डर लिनेदिने काम सम्पन्न भएको थियो । प्रत्येक दिनको क्रेता बिक्रेता कार्यक्रममा स्वदेशी व्यापारीका साथै सरकारका उच्च पदस्थ अधिकारीहरु, काठमाडौंस्थित विभिन्न दूतावासका अधिकारीहरु, विदेशीहरु तथा सरकारी एवं गैर सरकारी निकायका पदाधिकारीहरुको समेत उपस्थिति रहेको र यस कार्यक्रमबाट दुबै क्रेता र बिक्रेताहरु सन्तुष्ट भएको बताइएको छ । उक्त अवसरमा प्रत्येक दिन २०० भन्दा बढी सम्बन्धित विधाका उत्कृष्ट व्यापारी तथा निकासीकर्ताहरु कार्यक्रममा उपस्थिति रहेको थियो । कार्यक्रम अवधिमा ६,००,०००।- भन्दा बढी वस्तुको बिक्री भएको र राम्रो व्यवसायिक अर्डर प्राप्त भएको थियो । यस कार्यक्रम आयोजनाबाट क्रेता र बिक्रेता दुबै पक्ष आ-आफ्नो तवरबाट सन्तुष्ट रहेको र यसबाट भविष्यमा हस्तकला वस्तुको व्यवसायिक एवं बजार प्रबर्द्धनमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

## विशेष साधारण सभा ....... ( पृष्ठ १ को बाँकी अंश ........)

कार्यक्रमको प्रारम्भमा महासंघका पूर्व अध्यक्षज्यूहरु, महासंघको विधान संशोधन समिति सदस्यज्यूहरु तथा उपस्थित सम्पूर्ण सदस्य महानुभावहरुमा स्वागत गर्दै महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यले स्थगित विशेष साधारण सभा विधिवत संचालन भएको घोषणा गर्नुभयो । सो क्रममा उहाँले साविक संघबाट महासंघमा परिणत भईसकेपछि समग्र हस्तकला उद्योग व्यवसायको प्रभावकारी विकास तथा प्रबर्द्धनका साथै समयानुकूल सेवा प्रदान तथा सुव्यवस्थित कार्य सम्पादन आवश्यक भएको बताउँदै विधान संशोधन समितिले पेश गरेको प्रस्तावित विधान मस्यौदामा छलफल गरी अन्तिम टुंगो लगाउन सदस्य महानुभावहरुमा आग्रह गर्नुभयो । तत्पश्चात अध्यक्षज्यूबाट महासंघको विधान संशोधनका लागि प्रस्तावित प्रावधानको सन्दर्भमा बुँदागत प्रस्तुती भई तत् सम्बन्धी छलफल अगाडि बढाइएको थियो । कार्यक्रममा सदस्यमहानुभावहरुको सक्रिय सहभागिता रहेको थियो । उक्त अवसरमा विशेषगरी विधानको प्रस्तावना, महासंघको संरचना, सदस्य र सदस्यता नियम, वार्षिक सभा, कार्य समिति गठन काम, कर्तव्य र अधिकार, पदाधिकारी एवं कार्य समिति सदस्य काम, कर्तव्य अधिकार एवं अन्य शिर्षकमा गहन छलफल, विचार विमर्स भई अन्तिम टुंगो लगाइयो । साथै विशेष साधारण सभाबाट सर्वसम्मतिबाट सहमती भए बमोजिम यथाशीघ्र महासंघको विधान २०६५ को अन्तिम स्वरुप तयार गर्न ७ सदस्यीय कार्यदल समेत गठन गरियो । यस महासंघका कार्यकारी सचिव श्री दिलिप खनालको संयोजकत्वमा गठित उक्त समितिमा दिपेन्द्र शिल्पकार, चूडा लामा, किरण कुमार डंगोल,



नेपाल हस्तकला महासंघको विशेष साधारण सभाको झलक

बिभेन्द्र प्रसाद सिं, नारायण प्रधानाङ्ग, कुमार थापा रहेका छन् । उक्त विधानलाई जिल्ला प्रशासन कार्यालयमा स्वीकृतिका लागि पेश गरिने र स्वीकृतिपश्चात लागू गर्ने पनि उक्त सभाले सहमती जनाएको थियो ।

कार्यक्रमको अन्तमा महासंघको विधानजस्तो संवेदनशील विषयमा कार्य सम्पादन गरी प्रस्तावित विधान मस्यौदा तयार पार्न योगदान पुऱ्याउने विधान संशोधन पुनरावलोकन समितिका संयोजक, सो समितिका सदस्यहरु लगायत महासंघका सम्पूर्ण सदस्य महानुभावहरुमा महासंघका अध्यक्षबाट धन्यवाद ज्ञापन गर्नुभयो । यसैगरी उक्त समितिका सभापति श्री इन्द्रबहादुर शाक्यले छलफलमा सक्रिय सहभागी भई सुझाव दिने महानुभावहरुमा पनि धन्यवाद ज्ञापन गर्नुभयो ।

# ताइवानी रोटरी प्रतिनिधि मण्डलसंग अन्तरक्रिया

*नेपालको आर्थिक, सामाजिक, स्वास्थ्य, शिक्षा तथा सांस्कृतिक क्षेत्रको विकास एवं प्रवर्द्धनका लागि राष्ट्रिय तथा अन्तरराष्ट्रिय रोटरी क्लब एवं संस्थाहरुबाट विभिन्न समयमा विभिन्नप्रवर्द्धनात्मक कार्य एवं गतिविधिहरु संचालन हुँदै आएको छ । यस सन्दर्भमा नेपालमा स्थापित रोटरी क्लबहरुले विभिन्न मुलुकका रोटरी क्लबहरुसंगको सहकार्य एवं सहयोगमा विभिन्न प्रवर्द्धनात्मक कार्यहरु हुँदै आएको छ ।*

यस क्रममा २०६५ कार्तिक २८ गते महिला सदस्यहरु मात्र संम्मिलित Rotary Club of Taipei YungFu का १० सदस्यीय प्रतिनिधि मण्डलको नेपाल हस्तकला महासंघमा स्वागत गरियो । उक्त अवसरमा आपसी मित्रता एवं सहयोग आदान प्रदान गर्ने उद्देश्यले उक्त रोटरी क्लबकी अध्यक्ष श्रीमती एए क्वाकबल को नेतुत्वमा आएको उक्त प्रतिनिधि मण्डल र यस महासंघका पदाधिकारी, कार्य समिति सदस्य तथा हस्तकला व्यवसायीहरुबीच आपसी मित्रता, सम्बन्ध विकास गरी ताइवानमा हस्तकलाको प्रबर्द्धन सम्बन्धी अन्तरक्रिया भयो । उक्त कार्यक्रमको प्रारम्भमा सहभागीहरुबीच आपसी परिचय आदानप्रदान गरियो । सो अवसरमा ताइवानबाट आउनु भएका प्रतिनिधि मण्डलको स्वागत गर्दै यस महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यले महासंघले नेपाली हस्तकला उद्योग व्यवसायको प्रबर्द्धनका लागि स्थापनाकालदेखि सीप विकास, निकासी एवं बजार प्रबर्द्धन तथा अन्य विभिन्न प्रबर्द्धनात्मक कार्यहरु गर्दै आएको बताउनु भयो । ताइवानी प्रतिनिधि मण्डलसंगको भेटघाट, आपसी सहकार्य तथा सहयोग आदानप्रदानबाट नेपालको गाउँ गाउँमा हस्तकलाको प्रबर्द्धन परियोजना एवं कार्यहरु संचालन गर्न सकिने अपेक्षा गर्नुभयो । यस क्रममा विशेष गरी काष्ठकला, प्राकृतिक रंगाई र प्राकृतिक रेशाजन्य वस्तुको गुणस्तरीय उत्पादन गर्ने सीप विकास प्रशिक्षणहरु संचालन गर्न आवश्यक परियोजना संचालन गर्न सहयोगका लागि समेत आग्रह गर्नुभयो । यस क्रममा उहाँले ताइवानमा नेपाली हस्तकलाको निकासी वस्तुस्थितिबारेमा पनि जानकारी गराउनुभयो ।

उक्त अवसरमा कार्यक्रमका सहयोगी एवं एसिया फाउण्डेसनका अध्यक्ष श्री मधुर श्रेष्ठले रोटरी क्लबबाट आपसी मैत्री सम्बन्ध विकास तथा सहकार्यबाट शिक्षा, सीप प्रबर्द्धन गर्न सकिने बताउनु भयो । सो क्रममा ताइवानबाट आएका प्रतिनिधिमण्डलका टोलीनेतृ श्रीमती PP Susan ले भ्रमणको उद्देश्यबारे प्रकाश पार्दै यस प्रकारको कार्यक्रमबाट आपसी मित्रता, सांस्कृतिक र व्यवसाय प्रबर्द्धन हुने अपेक्षा गर्नुभयो । महासंघका महासचिव श्री धर्मराज शाक्यले उक्त अवसरमा महासंघको उद्देश्य, कार्य, गतिविधि,




*ताइवानी प्रतिनिधिमण्डललाई महासंघका अध्यक्षबाट स्वागत गर्नुहुँदै*

सम्बन्ध स्थापित संघ संस्था तथा हस्तकला निकासी वस्तुस्थितिबारे जानकारी प्रस्तुत गर्नुभयो । उक्त अवसरमा ताइवानको उक्त रोटरी क्लब र तहाँको व्यवसायिक वस्तुस्थिति र आगमी दिनमा हुन सक्ने सम्भाव्य सहकार्य एवं सहयोगकाबारेमा उक्त टोलीका तर्फबाट श्री Chris Choa ले प्रस्तुत गर्नुभयो । भेटघाट कार्यक्रमबाट ताइवानी व्यवसायीहरुसंग आपसी सम्बन्ध विकास एवं ताइवानमा नेपाली हस्तकलाको प्रबर्द्धन सम्भाव्यता सम्बन्धी छलफल भएको थियो ।

उक्त अन्तरक्रियाको क्रममा भ्रमण प्रमण्डल र महासंघका पदाधिकारी, कार्य समिति सदस्यहरुबीच हस्तकला क्षेत्रको विकासका लागि मैत्री सम्बन्ध विकासका साथै सीप एवं व्यवसाय आदान प्रदान गरी आपसी हित प्रबर्द्धन सम्बन्धमा छलफल तथा विचार विमर्स भएको थियो । उक्त कार्यक्रममा महासंका पदाधिकारी, कार्यसमिति सदस्य, हस्तकला व्यवसायी गरी ३० जनाको सहभागिता रहेको थियो ।

# वर्ल्ड क्राफ्ट काउन्सिल, एसिया प्यासिफिक सम्मेलनमा सहभागिता

वर्ल्ड क्राफ्ट काउन्सिल, एसिया प्यासिफिक मुलुकका सदस्य राष्ट्रहरुमा अवस्थित कलाको प्रबर्द्धन तथा तहाँका कलाकारहरुको विकास, सदस्य मुलुकहरुमा आपसी कला उत्पादन एवं सीप आदान प्रदान गर्न, विश्व बजारको माग अनुरुप कला उत्पादन गर्न सक्षमता विकास गर्न तथा सदस्य मुलुकहरुमा उत्पादित उच्च स्तरीय कलाकृति प्रदर्शनी गरी आपसी व्यवसाय प्रबर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यले वर्ल्ड क्राफ्ट काउन्सिल, एसिया प्यासिफिक वार्षिक सम्मेलन प्रत्येक वर्ष आयोजना गर्दै आइरहेको छ । यस क्रममा ३१ औं वर्ल्ड क्राफ्ट काउन्सिल, एसिया प्यासिफिक सम्मेलन सन् २००८ को नोभेम्बर ४ देखि ११ तारीखसम्म चीनको हानचाउमा सम्पन्न भयो । यस अवसरमा अन्तराष्ट्रिय आर्ट एण्ड क्राफ्ट सम्बन्धी प्रदर्शनी, Young Craftsperson Competition, चीनको कला उत्पादन गर्ने उद्योगहरुको स्थलगत अवलोकन भ्रमणको समेत आयोजना गरिएको थियो । उक्त अवसरमा अयोजित अन्तराष्टि हस्तकला विकास फोरमको कार्यक्रममा Arts & Crafts Industry Management and China Arts & Crafts Development, Establishment of Talent Cultivation Mechanism and Promotion of Cultural Protection and Industry Development विषयमा कार्यपत्रहरु समेत प्रस्तुत गरिएको थियो । सम्मेलन पश्चात चीनमा अवस्थित विभिन्न कलाकृतिहरु तथा विश्व सम्पदाहरुबारेमा जानकरी गारउने उद्देश्यले सम्मेलनकानेपालको आर्थिक, सामाजिक, स्वास्थ्य, शिक्षा तथा सांस्कृतिक क्षेत्रको विकास एवं प्रबर्द्धनका लागि राष्ट्रिय तथा अन्तरराष्ट्रिय रोटरी क्लब एवं संस्थाहरुबाट विभिन्न समयमा विभिन्नप्रबर्द्धनात्मक कार्य एवं गतिविधिहरु संचालन हुँदै आएको छ । यस सन्दर्भमा नेपालमा स्थापित रोटरी क्लबहरुले विभिन्न मुलुकका रोटरी क्लबहरुसंगको सहकार्य एवं सहयोगमा विभिन्न प्रबर्द्धनात्मक कार्यहरु हुँदै आएको छ । सहभागीहरुलाई चीनका विभिन्न क्षेत्रको अवलोकन भ्रमण गराइएको थियो । उक्त सम्मेलनमा नेपालको तर्फबाट यस महासंघबाट प्रथम उपाध्यक्ष श्री विकासरत्न धाख्वा सहभागी हुनु भएको थियो ।

१६औं वर्ल्ड क्राफ्ट काउन्सिलको वार्षिक सम्मेलनको अवसरमा International Arts and Crafts Exhibition को आयोजना गरिएको थियो । उक्त प्रदर्शनीमा वर्ल्ड क्राफ्ट काउन्सिलका सदस्य मुलुकहरुबाट राम्रो सहभागिता रहेको थियो भने । उक्त मेलामा यस महासंघका ३ वटा सदस्य फर्म/कम्पनीहरु ट्रेडिसनल आर्ट एण्ड ह्याण्डीक्राफ्ट, क्राफ्ट २००० र सुवेद इन्टरप्राइजेज सहभागी भएका थिए । मेलामा सहभागिताको क्रममा तिनीहरुले चाँदीका गर गहना, धातुकला तथा मूर्ति र परम्परागत विभिन्न हस्तकलाका वस्तुहरुको प्रदर्शनी गरिएको थियो ।

# सुतिजन्य वस्तुको उत्पादन प्रक्रिया सम्बन्धी अध्ययन अवलोकन

सुतिजन्य बस्तु उत्पादनमा संलग्न उद्यमी व्यवसायीहरुलाई आधुनिक टेक्सटाइलका उपकरण, उत्पादन प्रक्रिया एवं विधि तथा उत्पादन वस्तुस्थितिबारे जानकारी गराई समयसापेक्ष गुणस्तरीय सुतिजन्य हस्तकलाको उत्पादन गर्न सक्षम तुल्याउने उद्देश्यले यस महासंघको सुति वस्तु विकास समितिको संयोजनमा हालै विभिन्न टेक्सटाइल उद्योगहरुको अध्ययन अवलोकन गरियो । यस क्रममा उद्यमी व्यवसायीहरुलाई २०६५ आश्विन १० गते लुभूस्थिति के.आर.टेक्सटाईल, बैशाली टेक्सटाइलमा र २०६५ आश्विन २९ गते पाटन औद्योगिक क्षेत्र, लगनखेलस्थित भैरव रंगाई उद्योगको स्थलगत अध्ययन अवलोकन भ्रमण गराइयो ।

उक्त अवलोकनका क्रममा सहभागीहरुलाई विभिन्न उपकरणहरुको प्रयोग, टेक्सटाइलहरु बुन्ने, रंगाई गर्ने, डाइङ्ग गर्ने, बाफ आइरन गर्ने, दार्फ गर्ने आदि प्रक्रिया तथा विधिहरुबारे सम्बन्धित विज्ञबाट जानकारी गराइएको थियो । उक्त टेक्सटाइलबाट उत्पादन हुने बस्तुहरुमा विशेष गरी सुतिका कपडा, ढाकाका कपडा र पाल्पाली ढाकाका कपडाहरु र हेका छन् । जुन मुख्यतया टोपी, कुर्ता सुरुवाल, झोला आदि बनाउनका लागि प्रयोग गरिन्छन् । अवलोकन भ्रमणको क्रममा यस क्षेत्रमा उत्पादकहरुको समस्या, कठिनाई एवं अपेक्षाबारे पनि छलफल तथा विचार आदान प्रदान भएको बताइएको छ । महासंघको सुति वस्तु विकास समितिको नेतृत्वमा गएको उक्त टोलीमा समिति सदस्य, सम्बन्धित उद्यमी व्यवसायी गरी ९ जनाको सहभागिता रहेको थियो ।

# संस्थागत सदस्य संघहरुको गतिविधि

## यल: महोत्सवमा महासंघबाट सहभागिता

ऐतिहासिक पाटन शहरका जनजातिको धार्मिक, सांस्कृतिक सामाजिक परिवेश, स्थानीय कला, संस्कृतिको प्रदर्शनीबाट स्वदेशी तथा विदेशी पाहुनाहरुमा सूसूचित गरी पर्यटन उद्योगको विकासमा टेवा पुर्याउन, स्थानीय सीपको संरक्षण संम्बर्द्धनको साथै स्थानीय उत्पादनको बजार प्रवर्द्धन गर्न विश्व पर्यटन दिवसको उपलक्ष्यमा २०६५ आश्विन १० देखि १४ गतेसम्म ललितपुरमा ज्यापू समाजको आयोजना, ललितपुर जिल्ला विकास समिति र ललितपुर उपमहानगर पालिकाको सहयोग एवं नेपाल हस्तकला महासंघ लगायत विभिन्न उद्योग वाणिज्य संघ संस्थाहरुको संलग्नतामा यल महोत्सव २०६५ आयोजना गरियो । सो महोत्सवको क्रममा स्थानीय भाषा, कला, संस्कृति, संम्पदा, संगीत रहनसहन रीतिरिवाज आदि पक्षबारेमा विशेष जानकारी गराउन जातीय संग्रहालय, परम्परागत देखि आधुनिक भेषभूषा प्रदर्शनी, पाटन शहरको सामाजिक, सांस्कृतिक फोटो प्रदर्शनी, सांस्कृतिक कार्यक्रम, विभिन्न व्यापारीक स्टल औद्योगिक तथा सांस्कृतिक पक्षको जीवन्त प्रस्तुति, झांकी शोभा यात्रा, शिक्षा, स्वास्थ्य, सूचना प्रविधि सम्बन्धी पनि प्रस्तुत गरिएको थियो । उक्त महोत्सवमा विभिन्न हस्तकलाका वस्तुहरुको प्रदर्शन गरी व्यवसायिक प्रवर्द्धनमा टेवा पुगोस भन्ने उद्देश्यले महासंघद्वारा आफ्ना संस्थागत सदस्य संघहरुको सहभागिता गराइएको थियो । महासंघबाट यल: महोत्सवमा सहभागी भएका संस्थागत सदस्यहरुमा ललितपुर हस्तकला संघ, भक्तपुर हस्तकला संघ, नेपाल काष्ठकला संघ, नेपाल पश्मिना उद्योग संघ, नेपाल हाते कागज संघ र छाला जुत्ता तथा वस्तु उत्पादक संघ रहेका छन् ।

## हाते कागजजन्य क्षेत्रमा उद्यमीको भूमिका विषयक गोष्ठी

वस्तुको डिजाइन, ढाँचा, उपयोगिता र गुणस्तरीयताले गर्दा विगत केही वर्षदेखि हाते कागज तथा कागजजन्य वस्तुप्रति उपभोक्ताहरुको आकर्षण बढ्दै गएको छ । हाते कागजजन्य वस्तु र यस क्षेत्रको प्रबर्द्धनका लागि नेपाल हाते कागज उद्योग संघले समयसापेक्ष विभिन्न पहल गर्दै आएको छ । हाते कागजजन्य वस्तुको विकास एवं प्रबर्द्धनमा उत्पादक तथा निकासीकर्ताको महत्वपूर्ण भूमिका रहँदै आएको छ । यस क्रममा हाते कागजजन्य वस्तुको व्यवसायिक क्षेत्रमा युवा उद्यमीहरुको भूमिका र व्यवसाय सम्बन्धी अनुभव आदान प्रदान गरी हाते कागजजन्य वस्तुको व्यवसायिक प्रबर्द्धनमा सहयोग पुर्याउने उद्देश्यले यस महासंघ र नेपाल हाते कागज उद्योग संघद्वारा संयुक्त रुपमा २०६५ कार्तिक २२ गते काठमाडौंमा तत् सम्बन्धी एक दिने गोष्ठीको आयोजना गरियो । यस महासंघका द्वितिय उपाध्यक्ष श्री हेमरत्न शाक्यको प्रमुख आतिथ्यमा संचालित उक्त कार्यक्रममा २४ जना सम्बन्धित उद्यमी व्यवसायीहरुको सहभागिता रहेको थियो । सो संघका अध्यक्ष डा. मिलनदेव भट्टराईले श्रोत व्यक्तिको रुपमा उक्त कार्यक्रममा विषयगत जानकारी प्रस्तुत गर्नुभयो ।

## चाँदी हस्तकलामा क्याडमियमको दुष्प्रभाव सम्बन्धी कार्यक्रम

हस्तकला निकासीमा चाँदीका गहना तथा वस्तुहरुको महत्वपूर्ण स्थान रहँदै आएको छ । चाँदीजन्य वस्तुलाई नेपाली समाज तथा बाह्य बजारमा उपभोक्ताहरुले धेरै पहिलेदेखि उत्कृष्ट वस्तुको रुपमा लिने गरेको र उच्च सम्मान दिई व्यवहारमा प्रयोग गरिँदै आएको छ । फलस्वरुप यस क्षेत्रले धेरैलाई स्वरोजगारीको अवसर प्रदान गर्नुका साथै यसको निकासीबाट राम्रो आय आर्जन हुँदै आएको छ । यद्यपि केही व्यवसायीहरुले क्षणिक लाभका लागि चाँदीमा अरु धातुको मिसावट गरी वस्तु उत्पादन एवं बिक्री बितरण गर्ने गरिएको भन्ने पनि सुन्नमा आउछ । यसै परिप्रेक्ष्यमा क्याडमियम तथा अन्य घातक तत्वको मिसावट गरी वस्तु उत्पादन गर्दा स्वास्थ्य र वातावरणमा पर्ने नकारात्मक प्रभावबारे जानकारी प्रदान गर्ने उद्देश्यले ललितपुर हस्तकला संघद्वारा यस महासंघको सहयोगमा २०६५ आश्विन ९ गते हस्तकला डिजाइन तथा विकास केन्द्र ललितपुरमा चाँदी हस्तकला उत्पादनमा क्याडमियमको प्रयोगबाट स्वास्थ्य र वातावरणीय प्रभाव सम्बन्धी चेतनामूलक कार्यक्रमको आयोजना गरियो ।

विषयविज्ञ डा. ऋद्धिवीर सिंहले श्रोतव्यक्ति रहनु भएको उक्त गोष्ठीमा चाँदी गहना तथा वस्तु उत्पादनमा संलग्न २६ जना उद्यमी व्यवसायीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागीहरुलाई चाँदी हस्तकलाको वस्तुस्थिति, क्याडमियमको परिचय, क्याडमियमको व्यवसायिक प्रवेश, यसको विषालुपन र वातावरणीय पक्ष, सुरक्षित प्रयोग आदि बारे सहभागीहरुलाई जानकारी प्रदान गरिएको थियो । गोष्ठीको क्रममा सहभागीहरुले विषयगत प्रस्तुती सम्बन्धमा जिज्ञासा र अनुभव आदान प्रदान गरेका थिए ।

## नेपाल पश्मिना उद्योग संघ, साधारण सभा

यस महासंघको संस्थागत सदस्य, नेपाल पश्मिना उद्योग संघको आठौं साधारण सभा २०६५ कार्तिक ८ गते काठमाडौंमा सम्पन्न भयो । पश्मिना जन्य वस्तुको निकासी एवं व्यवसायिक प्रबर्द्धनमा सहयोग पुर्याउने उद्देश्यले स्थापित यस संघबाट पश्मिनाजन्य वस्तुको विकास एवं प्रबर्द्धनका लागि समयसापेक्ष कार्यहरु गर्दै आएको छ । सभा उद्घाटन शत्रको प्रारम्भमा उक्त संघका अध्यक्ष श्री शंकरप्रसाद पाण्डेले स्वागत मन्तव्य व्यक्त गर्दै सो संघका विविध गतिविधिबारे प्रकाश पार्नुभयो । उक्त अवसरमा मन्तव्य व्यक्त गर्दै यस महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यले पश्मिनाको ब्राण्डबाट विदेशी मुलुकमा नेपाली पश्मिना बिक्री वितरण भइरहेको र यसै नामबाट गैर पश्मिना वस्तु पनि बिक्री भइरहेकोले यसको विश्व बजारमा शाख गिर्दै गएको बताउनुभयो । सो अवसरमा नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष श्री भाष्करराज राजकर्णिकार र सो संघका महासचिव श्री दुर्गाविक्रम थापाले पनि आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभयो ।

# आ.व. २०६५/६६ बजेट बक्तव्य सम्बन्धी महासंघको प्रतिक्रिया

लामो समयको द्वन्द पश्चात मुलुकले गणतन्त्रात्मक बाटो रोजेपछि पहिलो पटक आएको बजेटमा पूर्वाधार निर्माण उच्च प्राथमिकतामा परेता पनि उद्योग व्यवसायीहरुको सरोकारका केही विषय समेत उल्लेख गरिएको हामीले महशुस गरेका छौं । निर्यात प्रशोधन क्षेत्रहरुको विकास गर्ने र उद्योग व्यवसायसंग सम्बन्धित ऐन कानूनहरु निश्चित समय भित्र परिमार्जन गरिने प्रतिबद्धतालाई हामीले बजेटका सकारात्मक पक्षको रुपमा लिएका छौं । देशमा व्याप्त बेरोजगारीलाई सम्बोधन गर्ने दिशामा बढी रोजगारी दिए अनुसार आयकरमा बढी सुबिधा पाइने प्राबधान बजेटको अर्को सकारात्मक पक्ष रहेको छ

ग्रामिण रोजगारी अभिबृद्धिको लागि शीप विकासको कार्यक्रम रहेता पनि त्यसको कार्यान्वयन के कसरी हुने भन्ने बारे बजेट मौन रहेको हुंदा अहिलेनै केही भन्न सकिने स्थिति छैन । सरकारले निजी क्षेत्रलाई पनि आर्थिक विकासको खुट्टा भनेता पनि निजी क्षेत्रबाट दिइएका धेरै सुझाबहरुलाई बजेटले पुरै वेवास्ता गरेको हामीले महसुश गरेका छौं । आजको समस्या भनेको उद्योग व्यवसायको प्रतिस्पर्धात्मक क्षमता विकास गर्नु रहेको छ । साना उद्यमीको हकमा त यो कार्य अझ चुनौतीपूर्ण रहेको छ । यसको निमित्त देशभर सजिलै फैलिन सक्ने घरेलु तथा साना उद्योगहरुको संर क्षणको लागि औद्योगिक व्यवसाय ऐनको दफा १५ (क) मार्फत बर्षौं देखी दिई आएको कर छुटको सुबिधा हटाइएको हुनाले यस्तो शम्बेदनशील विषयमा सरकारको ध्यान नपुगेको हाम्रो ठहर छ । यसले गर्दा देशमा ठुला उद्यमीहरुको मात्र बर्चस्व रहने तर्फ सचेत गराउनु हामीले आफनो कर्तव्य सम्झेका छौं । यस्तो कार्यबाट गांगांउमा रोजगारी घरघरमा भकारीको सरकारी नारा अब केबल बजेट पूस्तिकाको शोभा मात्र बन्न पुगेको छ ।

निकासीको हकमा स्वीकृती प्राप्त निर्यात गृहलाई बिक्री गरी निकासी गरेको अबस्थामा हस्तकला सामान बनाउंदा कच्चा पदार्थमा लागेको मुल्य अभिबृद्धि कर आन्तरिक राजश्व विभागले तोकेको प्रकृया पुरा गरेपछि फिर्ता दिने कुरा आर्थिक बिधेयकमा उल्लेख मात्र भएको छ । यस विषयमा कार्यान्वयन पक्ष नहेरी अहिले नै यसै भन्न सकिने अवस्था छैन । यस सन्दर्भमा निकासीलाई प्रतिस्पर्धात्मक तुल्याउन निकासी आर्जनमा आयकर छुट दिनुपर्ने हाम्रो माग तर्फ ध्यानाकर्षण गर्न चाहन्छौं ।

व्यापक स्तरमा ग्रामिण रोजगारी प्रदान गर्ने संभाबना रहेको हस्तकला क्षेत्रको विकासको निमित्त आवश्यक पूर्वाधार विकास तर्फ बजेटको ध्यान नगएको हामीले महसुस गरेका छौं । हस्तकला निकासीको केन्द्रमा रहेको काठमाडौं उपत्यकामा हस्तकला विकास सम्बन्धि पूर्वाधार विकास गरिएमा त्यसबाट ग्रामिण क्षेत्रसंग पृष्ठसम्बन्धको माध्यमबाट आर्थिक विकासको लागि टेवा मिल्ने भएकोले हामीले नयां पूर्वाधार विकास र भएका पूर्वाधारको संरक्षणको लागि हामीले सरकार लाई अनुरोध गरेकोमा बजेटले हाम्रो अनुरोध आत्मसात गर्न नसकेको हामीले महसुस गरेका छौं ।

बजेटले प्राथमिकता दिएको पर्यटनसंग अन्योनाश्रित सम्बन्ध रहेको हस्तकला विकासको बारेमा बजेट मौन रहनुले हामीलाई एकदमै आश्चर्यमा पारेको छ । यसै गरी धेरै मुलुकले आफनो अर्थ व्यबस्थामा क्रान्तीकारी परिबर्तन ल्याउन अपनाएको निकासी विकास रणनीतिमा आधारित निकासी प्रोत्साहन बारेमा पनि बजेट मौन रहनु आश्चर्यको विषय भएको छ ।

बजार भाउ बढेको अबस्थालाई ध्यानमा राखेर बजेटले सरकारी कर्मचारीहरुको तलब बृद्धि गर्नु आवश्यक देख्यो तर सोही मुद्रास्फितीको मारमा परेका देशका सम्पूर्ण नागरिकहरुको राहतको निमित्त आयकर छुटको सीमा बढाउनु पर्ने कुरा भने बिर्सेको छ ।

अन्तमा, प्रस्तुत बजेटमा उल्लेखित आकर्षक नाराहरु अनुरुपका कार्यक्रमहरु नदेखिएको हुंनाले यस बजेटलाई हामीले मिठा मिठा नारा तर पानी नआउने धारा जस्तो ठानेका छौं ।

## जानकारी

### घरेलु उद्योग महोत्सव - २०६५ तथा राष्ट्रिय औद्योगिक प्रदर्शनी आयोजना

देशभरका लघु, घरेलु तथा साना उद्यमीहरुद्वारा उत्पादित हस्तकला लगायत विभिन्न बस्तुहरुको प्रदर्शन गरी तिनको राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा बिक्री एवं व्यवसाय प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल घरेलु तथा साना उद्योग महासंघको आयोजनामा २०६५ मंसिर २६ देखि ३० गते सम्म भृकुटीमण्डप, काठमाडौंमा घरेलु उद्योग महोत्सव(२०६५ तथा लघु, घरेलु तथा साना उद्यमीहरुद्वारा उत्पादित बस्तुहरुको राष्ट्रिय औद्योगिक प्रदर्शनी आयोजना हुने भएको छ । अतः उक्त कार्यक्रममा सहभागी हुन तथा कार्यक्रमको अवलोकनबाट व्यवसायिक लाभ उठाउन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

### राष्ट्रिय औद्योगिक व्यापार मेला-२०६५ आयोजना

पोखराको कला, संस्कृति, सांस्कृतिक क्रियाकलाप सम्बन्धी प्रस्तुतीका साथै स्थानीय एवं मलुकको विभिन्न भागहरुमा उत्पादित हस्तकला लगायतका वस्तुहरुको प्रदर्शनी गरी पर्यटन तथा व्यवसायको प्रबर्द्धन गर्ने उद्देश्यबाट पोखरा उद्योग वाणिज्य संघद्वारा २०६५ मंसिर १२ देखि २२ गतेसम्म पोखरा प्रदर्शनी केन्द्र, नयाँबजार, पोखरामा राष्ट्रिय औद्योगिक व्यापार मेला, २०६५ आयोजना गरिन लागेको छ । अतः उक्त कार्यक्रममा सहभागी भई तथा कार्यक्रमको अवलोकन गरी व्यवसाय प्रबर्द्धन गर्न हुन सम्बन्धित सबैमा सूचित गरिन्छ ।

### हस्तकला क्रेता बिक्रेता कार्यक्रम आयोजना

हस्तकलाका विविध वस्तुहरुको प्रदर्शनी तथा सम्बन्धित उद्यमी व्यवसायीहरुबीच प्रत्येक्ष भेटघाट गराई व्यवसाय प्रबर्द्धन गर्ने उद्देश्यले स्कोप सहकारी संस्था लि. द्वारा २०६५ पौष ४ देखि ६ गतेसम्म ललितपुरको मंगलबजारस्थित पाटन म्यूजियममा विहान १०.०० बजेदेखि ५.०० बजेसम्म हस्तकला क्रेता बिक्रेता भेटघाट कार्यक्रमको आयोजना गरिन लागेको छ । उक्त कार्यक्रममा सहभागिताका लागि मंसिर १५ सम्ममा स्कोप सहकारी संस्था लि., बालिफल फोनः ५५४६२५३, ५५५४९५८ मा सम्पर्क गर्न हुन सूचित गरिन्छ ।

# महासंघको सूचना तथा परिपत्र

## व्यवसायिक प्रतीक/चिन्ह, ब्रोसर र व्यवसायिक कार्ड डिजाइन सेवा सम्वन्धमा

हस्तकला डिजाइन तथा विकास केन्द्रले महासंघका सदस्यहरुको व्यवसाय प्रवर्द्धनका लागि प्रवर्द्धन सामाग्रीहरु डिजाइनिङ्ग गर्न निशुल्क डिजाइन सेवा उपलब्ध गराउने भएको छ । अतः आफ्नो व्यवसाय सम्वन्धी व्यवसायिक प्रतीक/चिन्ह (Logo/Trade Mark), ब्रोसर र व्यवसायिक कार्डको डिजाइन तयार गर्न इच्छुक सदस्य महानुभावहरुले निम्न मिति, समय, स्थानमा सम्बन्धित व्यक्तिसंग सम्पर्क राखी आवेदन भर्न हुन सूचित गरिन्छ ।

**कार्यक्रमको विवरणः**

| | | |
|---|---|---|
| आवेदन आइपुग्नुपर्ने | : | २०६५ मंसिर ५ गते, विहिबार सम्ममा |
| सम्पर्क व्यक्ति | : | सुमन शाक्य, डिजाइनर |
| स्थान | : | हस्तकला डिजाइन तथा बिकास केन्द्र, मचागाल, पुल्चोक, फोन : ५५२२८१५/५५२४०६८ |
| प्राथमिकता | : | पहिलो आवेदकलाई पहिलो प्राथमिकताका आधारमा वढिमा २० जना सम्म |

(नोटः केन्द्रबाट डिजाइन सेवा प्राप्त गरिएको मितिबाट १५ दिन भित्र छपाई कार्य सम्पन्न गरी एक/एक प्रति केन्द्रमा बुझाउनु पर्नेछ ।)

## रङ्ग समिश्रण (Color Combination) सम्बन्धी प्रशिक्षण

रङ्ग समिश्रण (Color Combination) सम्बन्धी आवश्यक सीपको विकास गरी सीपयुक्त जनशक्तिको उत्पादन गर्ने तथा यस क्षेत्रमा भएको जनशक्तिको अभावलाई न्यून गर्ने उद्देश्यले यस महासंघद्वारा देहायका बमोजिम रङ्ग समिश्रण प्रशिक्षण संचालन गरिने भएको हुँदा इच्छुक सदस्य महानुभावहरुले उल्लेखित मितिभित्र सहभागिताका लागि आवेदन भर्न हुन अनुरोध गरिन्छ ।

| | | |
|---|---|---|
| मिति | : | २०६५ मंसिर १५ गतेदेखि पौष १४ गतेसम्म |
| अवधि | : | १५ दिन |
| समय | : | दिनको ३.०० देखि साँझ ५.०० बजेसम्म |
| स्थान | : | हस्तकला डिजाईन तथा विकास केन्द्र, पुल्चोक |
| श्रोत व्यक्ति | : | श्री राधेश्याम मुल्मी |
| सहभागी संख्या | : | १० देखि १५ जना |
| सहभागी शुल्क | : | रु. २,५००/ (सदस्य), रु. ३,०००/ (गैर सदस्य) |
| लक्षित समूह | : | टेक्स्टाइल तथा हाते कागजका वस्तु उत्पादनमा संलग्न उत्पादक, व्यवसायी तथा कालिगढहरु |
| ग्राहयता | : | पहिलो आवेदकलाई पहिलो ग्राहयता दिईनेछ |
| फारम बुझाउने अन्तिम मिति | : | २०६५ मंसिर १२ गते बिहिबारसम्म |
| फारम बुझाउने स्थान | : | हस्तकला डिजाईन तथा विकास केन्द्र, मचागाल, पुल्चोक, ललितपुर, फोन : ५५२२८१५/५५२४०६८ |

## Patch Work सम्बन्धी प्रशिक्षण

यस महासंघद्वारा देहायको मिति, समय र स्थानमा एबतअज ध्यचप सम्बन्धी प्रशिक्षण संचालन गरिने भएको हुँदा इच्छुक सदस्य महानुभावहरुले तोकिएको मितिभित्र सहभागिताका लागि आवेदन गर्न हुन सूचित गरिन्छ ।

| | | |
|---|---|---|
| मिति | : | २०६५ मंसिर ८ देखि १३ गतेसम्म |
| समय | : | दिनको २.०० बजे देखि ४.०० बजेसम्म (२ घण्टा) |
| स्थान | : | हस्तकला डिजाईन तथा बिकास केन्द्र, मचागाल, पुल्चोक, ललितपुर |
| उद्देश्य | : | सुती वस्तु उत्पादन कार्यमा कार्यरत उत्पादकहरुलाई Patch Work सीप सिकाई नव वस्तु तथा डिजाइन बिकास गर्न प्रोत्साहित गर्नु तथा |
| प्रशिक्षक | : | श्री छोरीमैंया महर्जन |
| सहभागी संख्या | : | १० देखि १५ जना |
| सहभागी शुल्क | : | रु. ८००/ प्रति व्यक्ति (सदस्य), रु. १०००/ प्रति व्यक्ति (गैर सदस्य) |
| लक्षित समूह | : | हस्तकला व्यवसायमा संलग्न उद्यमी तथा व्यवसायीहरु |
| नाम दर्ता गर्ने अन्तिम मिति | : | २०६५ मंसिर ५ गते बिहिबार भित्र |
| दर्ता गर्ने स्थान | : | हस्तकला डिजाईन तथा बिकास केन्द्र |
| ग्राहयता | : | पहिलो आबेदकलाई पहिलो ग्राहयता दिइने छ । |

# Power Trio for Exporters

Together with two other Dutch export development organizations the CBI has started an experiment for marketing products from developing countries (DCs). Though modest in size, the pilot project in fact turns the traditional market chain back to front. The project is an international first-timer, complementarty to the many other marketing tools the CBI offers to its participants.

The gist of the project is that Dutch designers will be temporarily assigned to certain companies in Africa to transfer product development skills resulting in exporters being able adapt their products to the taste of European consumers. As usable option these products willthen be sold through the B2B internety marketing system of Unseen products (UPS), a new initiative of the Dutch National Commission for International Cooperation and Sustainable Development. Dutch Design in Development (DDiD), founded with government backing in 2005, will render its services in the field of product development. the CBI will open its Export Coaching Programmes and auditing services to participating companies. The joint programme will cover sectors such as, interior design and home products. A complementary product with potential "We want to start out small and carefully" emphasises Dick de Man, head of the CBI department for institutional development. "We don't want parties to think we're making some major shift towards direct online sales. The services offered by DDid and USP are complementary products that we think has potential. If it succeeds, we may expand the project to other product areas and offer it elsehwere among the 50 0r so countries we cover.'

The project is yet another attempt to further close the global gap foreign exporters have to bridge to enter the european markets. the quality demands make exporting to the EU a tough job as it is; add to that considerable marketing skills exporters need to reach EU consumers and to cater to their changeable, fashion driven tastes and it's easy to see where this project can help.

## Dutch designers and marketeers

Teh three organisations in the pilot offer an attractive programme of assistance to the EU. Dutch marketeers and designers will be sent out to local exporters in DCs to share their knowledge of European consumer tastes and quality demands. Together with the exporters they will developm skills to adapt their porduct assortment to present and future demands in Europe. Rather than offering more me too products, these exporters will be able to start producing according to actual market demands straight away.

## Moving from pull to push

Apart from turning around the local marketing process, the project also covers the entire international supply chain', says export adviser Maurice de Gruyter, who brought the three parties together and initiated the project. We're moving from push to pull, which means first you define products, styling and design wishes in Europe, then you train participating exporters in product development and eventually offering these products according to European legislation and quality demands; and finally we provide a platform for commercial matchmaking to link exporters and importers on EU retail markets.'

'As far as we know, this approach is unique. What's more, sustainability is leading in our use of materials, labour conditions, commercial contacts, fair prices and turnover growth. Our (DDiD and USP, edit.) target groups are consumers of high end products. We plan to reach them through individual retail outlets, shopping chains, warehouses and fair trade shops. The Internet will be the primary gateway and the ambition is to at least double the net margins of our participants. The entire project is defined by our mission to achieve poverty reduction by means of local economic development.'

## Long lasting commercial relations

Participating manufacturers will be preselected by the CBI according to existing criteria (auditing) to ensure that all European import rules are met and continuity can be guaranteed in lasting commercial relationships. The CBI will use its well known Export Coaching Programmes to provide coaching, training and market entry throuhg trade fair participation.

On assignment of the CBI, DDiD will train the participating exporters in product development in their existing assortment and in developing new products on a demand driven basis eith assistance from Dutch designers. DDiD has a pool of about 300 designers and marketeers to choose from. they will be sent out to offer on site support for periods of six weeks. Unseen Product (USP) will then place the resulting products on its web portal, a kind of Internet wholesale shop. Direct contacts with numerous buyers and traders complement USp's offer. USP will also arrange all the logistics, distribution and financial handling involved in import. Participating companies will be required to pay • 5,000 for the entire package, including the local assignment of experienced professional.s

## Seamless blending of strengths

'It is a seamless blending of strengths', says DDiD project coordinator Stella Van Himbergen. She hopes the project will contribute to the further development of her international employment agency. 'Here we are, three professional organisations combining their specialities without any overlap or competition to open up new markets to the participants. At DDiD we have already successfully completed 40 international missions with positive export results and participation on international trade fairs in France, Italy and Germany. This is a completely new service we're offering.'

'And it is a winner for all involved, adds Tom van den Berg, spokesman for USP. His organisation's mission is to contribute to the sustainable economic development of local producers. 'USP can play an important part in the matchmaking of trading parties. We have the infrastructure, the commercial contacts, the market knowledge and the experience in product development to bring success to this power combination.' For other information please visit **www.unseenproducts.com.**

***(Soure: CBI News, September, 2008)***

# विविध संघ संस्थाको वाणिज्य गतिविधिहरू

## राष्ट्रिय खनिज तथा रत्न सम्बन्धी प्रदर्शनी

नेपालमा उपलब्ध हुने खनिज तथा रत्न र त्यसबाट निर्मित विभिन्न वस्तुहरु सम्बन्धी प्रदर्शन गरी यस क्षेत्रको प्रवर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यले नेपाल खनिज तथा द्रव्य संघद्वारा २०६५ कार्तिक २५ देखि २७ गतेसम्म काठमाडौंमा तेश्रो राष्ट्रिय खनिज तथा रत्नहरुको वृहत प्रदर्शनी (3rd National Nepal Rocks & Minerals Fair 2008) आयोजना गरियो । उक्त प्रदर्शनीमा खनिज तथा रत्न सम्बन्धी व्यवसायमा संलग्न १६ वटा फर्म/कम्पनीको सहभागिता रहेको थियो । सो क्रममा सहभागीहरुले नेपालको विभिन्न ठाउँहरुमा पाउने क्वार्जाइट, क्रिस्टल, माणिक, निलम, पन्ना, क्यानाइट, टुर्मालिन, अक्वामारिन तथा अन्य विभिन्न खनिज एवं पत्थरहरु प्रदर्शनीमा राखेका थिए । यस प्रकारको प्रदर्शनीको आयोजनाबाट उपभोक्ता, सम्बन्धित व्यवसायी एवं सर्वसाधरणमा खनिज तथा रत्न सम्बन्धी जानकारी अभिबृद्धि हुनका साथै यस क्षेत्रमा आकर्षित भई व्यवसाय प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

## मास्टर डाई बनाउने प्रशिक्षण समापन

हस्तकला उद्यमी व्यवसायीहरुको सीप एवं दक्षता अभिबृद्धि गरी स्तरीय हस्तकलाका वस्तु उत्पादन गर्न सक्षम तुल्याउने उद्देश्यले याक एण्ड यति इन्टरप्राईजेज प्रा.लि. र मरु सत: कला ज्याकू को संयुक्त तत्वावधानमा परंम्परागत कलाकृति सिक्ने र बुझ्ने कार्यक्रम अन्तर्गत २०६५ बैशाखबाट संचालन गरिएको मास्टर डाई बनाउने सम्बन्धी ४ महिने प्रशिक्षण २०६५ कार्तिक ८ गते काठमाडौंमा एक कार्यक्रमबीच समापन गरियो । यस महासंघका अध्यक्ष श्री पुष्कर मान शाक्यको प्रमुख आतिथ्य तथा याक एण्ड यति इन्टरप्राईजेज प्रा.लि. का कार्यकारी निर्देशक श्री स्वयम्भूरत्न तुलाधरको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा प्रमुख अतिथिबाट प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र वितरण गर्नुभयो । उक्त अवसरमा मन्तव्य व्यक्त गर्दै हस्तकला उद्योग व्यवसायको विकास एवं प्रबर्द्धनका लागि महासंघबाट विभिन्न प्रबर्द्धनात्मक कार्यहरु सम्पादन हुँदै आएको बताउँदै उहाँले हस्तकला क्षेत्रको प्रबर्द्धन सम्बन्धी गतिविधि संचालन गर्न महासंघबाट सक्दो सहयोग गर्ने बताउनुभयो ।

कार्यक्रमको प्रारम्भमा याक एण्ड यति इन्टरप्राईजेज प्रा.लि. का कार्यकारी निर्देशक श्री स्वयम्भूरत्न तुलाधरले स्वागत मन्तव्य तथा प्रशिक्षणको उद्देश्यबारे प्रकाश पार्नुभयो । वरिष्ठ प्रशिक्षक एवं विज्ञ श्री चिनिकाजी ताम्राकार श्रोतव्यक्ति रहनु भएको उक्त प्रशिक्षणमा १२ जनाको सहभागिता रहेको थियो । उक्त अवसरमा प्रशिक्षार्थीहरुबाट प्रशिक्षण अवधिमा तयार पारिएका नमूना डाईहरु प्रदर्शन गरिएका थिए । यस प्रकारको सीप प्रशिक्षणको आयोजनाबाट हस्तकला सम्बन्धी दक्ष सीपहरु नयाँ पुस्तामा हस्तान्तरण भई हस्तकलाको दीगो विकासमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।




## महासंघको प्रकाशनहरू

| | | |
|---|---|---|
| 1. | The Iconography of Nepalese Buddhism | US$ 10.00 |
| 2. | Short Description of Gods & Goddesses | US$ 03.00 |
| 3. | Product Catalogue (8 Sheets per set) | US$ 03.00 |
| 4. | Artistic Heritage of Nepal | US$ 10.00 |
| 5. | Sacred Art of Nepal | US$ 30.00 |
| | (All price include mailing charges) | |

To

प्रकाशक:

**नेपाल हस्तकला महासंघ**

पो.व.नं. ७८४, उपमामार्ग, थापाथली
काठमाडौं, नेपाल
फोन : ४२४३०१५, ४२४४२३१, ४२४५४६७
फ्याक्स: ९७७–१–४२२२९४०
E mail: han @ wlink.com.np
URL: www.nepalhandicraft.org.np

**सम्पादक**

देबराज बज्राचार्य, ऋषिराज सुवेदी